जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.ई.का.द.नं. ५४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१२ २०८१ साल चैत ११ गते सोमबार (24 Mar. 2025 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : जलवायु परिवर्तन र अव्यवस्थित ... ३ पृष्ठमा : बिमा संस्थाको आन्तरिक ... ३ पृष्ठमा : ह्वाट्सएपमा नयाँ फिचर ...

## मुसहर समुदायले १२ बुदे माग अघि सार्दै दिनाभद्री जन्मोत्सव मनाउने

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

नेपाल राष्ट्रिय मुसहर संघ सप्तरीले मुसहर समुदायको हक, अधिकार, पहिचान तथा सर्वाङ्गीण विकास सुनिश्चित गराउने अभियानलाई सशक्त बनाउने उद्देश्यले १२ बुदे माग राख्दै दिनाभद्री जन्मोत्सव मनाउने भएको छ।

२०८१ चैत २५ गतेदेखि तीन दिनसम्म चल्ने १० औ दिनाभद्री जन्मोत्सव मेला धुमधामका साथ जिल्लाको खडक ८, डोलबजार, बोदेवरसाइन २ योगिया बैरियामा मनाउन गईरहेको जनाइएको छ।

मुसहर संघ सप्तरीका अध्यक्ष शिवदेव सदाद्वारा आइतबार जारि विज्ञप्तिमा मुसहर आयोग गठन र मुसहर समुदायको हकहितका लागि विशेष आयोग गठन गरी नीतिगत सुधार गर्नलगायत १२ बुँदे माग अघि सारिएको उल्लेख छ।

विज्ञप्तिमा नेपालको सबैभन्दा पछि पारिएको समुदायमध्ये एक मुसहर जातिको हक अधिकार पहिचानलाई बलियो बनाउन तथा नेपालमा मुसहर जात आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, तथा राजनीतिक रूपमा निकै पछाडि पारिएको भन्दै यी क्षेत्रमा राज्यको उपेक्षा र विभेदकै कारण मुसहर जातअझै पनि गरिबी, अशिक्षा, भूमिहीन र अवसर विहीनताको चक्रमा फेलिएको जिकिर गरिएको छ।

मुसहरको सुकुम्बासी समस्या समाधान, मुसहर समुदायको लागि निःशुल्क जग्गा उपलब्ध र स्थायी बसोबासकी सुनिश्चितता, मुसहर समुदायका विद्यार्थीहरूलाई प्राथमिक तहदेखि निःशुल्क उच्च शिक्षा (पिएचडी)को व्यवस्था, रोजगारी र आर्थिक अवस्थाको उत्थानमा विशेष कार्यक्रम लागू गर्न, मुसहर समुदायका युवाहरूलाई रोजगारी, सीपमूलक तालिम, र आर्थिक सहयोग उपलब्ध गराउन, सांस्कृतिक पहिचान र सम्मानको ग्यारेन्टी, मुसहर समुदायको भाषा, संस्कार, परम्परा र सास्कृतिक सम्पदालाई जोगाउन विशेष नीति, मुसहर तथा दलितमाथिको अन्याय अत्याचार बन्द गर्न, सप्तरीका खडक र बोदेबर्साइन नगरपालिकामा दिनाभद्री बाबा मन्दिरका अतिक्रमित जन्मभूमी जग्गालाई फिर्ता गराउन उचित व्यवस्था गर्न माग गरिएको छ।

यस्तै दिनाभद्री बाबाको सप्तरीमा रहेका विभिन्न स्थलहरु जस्तैः मरौठी (कटैया), जरौठी (सखुवा) र जन्मस्थल (ढोलबजा, योगिया-वैरिया) जस्ता धरोहर हाल गैरजातहरुले कब्जा गरेर भोगचलन गर्दैआएका हुदाँ सकुशर फिर्ता गराउन तर्फ पहल र दिनाभद्री बाबाको धनुषा जिल्ला जनकपुर उपमहानगरपालिमा रहेका दिनाभद्री स्थल भूमाफियाको कब्जामा रहेकाले मुसहर जातको धरोहर फिर्ता गराउन तर्फ पहल गर्न समेत माग गरिएको छ।

विज्ञप्तिमा मुसहर समुदायको अधिकार प्राप्त नभएसम्म संघर्षलाई निरन्तरता दिने उल्लेख छ।

## सडकमै ढलेर बृद्धको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

आइतबार दिउँसो काम विशेषले बजार निस्केका राजविराज ३ निवासी एक बृद्धको सडकमै ढलेर मृत्यु भएको छ।

सप्तरी जिल्ला अदालत बार एशोसिएशनका सदस्य समेत रहेका ६७ वर्षिय अभिवक्ता उमेशनाथ शरणको यसरी मृत्यु भएको हो।

फोला बोकेको एक बृद्ध सडकमा ढलेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। उनलाई तत्कालै स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको थियो। तर अस्पताल पुऱ्याउदा उनको मृत्यु भइसकेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

मुटुको दिर्घ रोगी भएका कारण उनको मृत्यु भएको हुन सक्ने आशंका प्रहरीले गरेको छ। परिवारजनका अनुसार मुटुमा समस्या भएका शरण दुई दिनअघि मात्र बिराटनगरबाट उपचार गराई घर फर्केका थिए।

## हस्तलेखन कलाले जगाएको उत्साह




**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सप्तरीको राजविराज नगरपालिका ८ निवासी आर्यन दास महोत्तरीको बर्दिवासमा हालै सम्पन्न मधेश प्रदेश स्तरिय हस्त लेखन प्रतियोगिता २०८१ मा उपविजेता भएपछि निकै उत्साहित छन्।

स्थानीय प्रिमियर सेकेन्ड्री स्कुलमा ९ कक्षामा अध्ययनरत १४ वर्षिय दास अर्को वर्ष पहिलो स्थान ल्याउने गरी अहिलेदेखी नै तयारी सुरु गरेको बताउँदै आफ्नो उत्साह व्यक्त गरेका छन्।

उत्कृष्ट हस्त लेखनका कारण पुरस्कृत भएका दासलाई विद्यालयका शिक्षकदेखी सहपाठी र छिमेकीहरु पनि बधाई दिन घर पुग्न थालेपछि बुवा सरोज दास र आमा भारती पनि दंग छन्।

दास अध्ययनरत विद्यालयले पनि उनलाई सम्मान गरेको छ। प्रिन्सिपल राजेश कर्णले भने, "आफ्नो जिल्लाको मात्र नभई विद्यालयको नाम समेत उच्च पारेकाले उनको प्रतिभाको कदर गर्दै सम्मान गरेका हौं।"

दासले कदरपत्र, ट्रफीसँगै ५ हजार रुँपैया नगद पुरस्कार प्राप्त गरेका छन्। उनलाई कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा मन्त्री रानी शर्मा तिवारीले पुरस्कारसहित सम्मान गरेका थिए।

पढाईमा अब्बल रहेका दास हस्त लेखनमा समेत अब्बल बनेपछि विद्यालय परिवार पनि उत्साहित बनेको प्रिन्सिपल कर्णले सुनाए। उक्त प्रतियोगितामा १० कक्षामा अध्ययनरत बाराकी पायल रौनियार प्रथम तथा दाससहित रौतहटकी ९ कक्षामा अध्ययनरत एमसुल खनाल संयुक्त रुपमा उपविजेता भएका थिए।

## आगलागिमा झण्डै चार लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सप्तरीको सुरुङ्गामा आइतबार बिहान भएको आगलागिमा दुई व्यक्तिको घर जलेर नष्ट हुँदा ३ लाख ७९ हजार मुलय बराबरको क्षति भएको छ।

सो नगरपालिका ९ प्रमाणपुर टोल बस्ने काशि मण्डलको गोठघरमा लामखुट्टे धपाउन बालेको घुरबाट सल्केको आगोले मण्डलको एक तल्ले घरको दुई वटा कोठा र एउटा साईकल जलेर नष्ट हुँदा ६७ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

सोही आगलागिबाट छिमेकी चन्द्रदेव मण्डलको दुई तल्ले घरको दुई वटा कोठा, घरमा रहेको १ सय १० वटा काठ र एक वटा साईकल जलेर पूर्ण रुपमा जल्दा तीन लाख १२ हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगोलाई स्थानिय र बिहान भएको बर्षाका कारण पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

## चट्याङबाट दुई भैंसी मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

आइतबार बिहान वर्षासँगै परेको चट्याङ लागेर सप्तरीमा दुई भैसीको मृत्यु भएको छ।

जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका १३ गोबरगाढा निवासी जयप्रकाश यादवको गोठमा रहेको दुई वटा भैसीको मृतयु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्या सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार वर्षासगै अचानक आएको चट्याङ लागेर गोठमा रहेको दुई वटा भैसीको मृत्यु हुँदा दुई लाख मुल्य बराबरको क्षति भएको छ।

**पानीका स्रोतको संरक्षण गरौं ।**

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा बृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### शिक्षा र स्वाथ्यमा ध्यान देऊ

सप्तरी जिल्लामा अहिले सबैभन्दा बढी हेलचक्राई शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको छ। स्थानीय तहका शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेपनि प्रभावकारी कार्य हुन सकिरहेको छैन्। सम्बन्धीत निकायले यसतर्फ निगरानी नबढाउदा यो क्षेत्र तहसनहस भइरहेको छ। अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ।

शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ। तर, शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो। विकास भन्ने कुरा एकै दिनमा नहुने कुरा हो। तर त्यसलाई पंचवर्षिय योजनामा राख्न सके भने त्यसमा सुधार आउने निश्चित छ। जनताले पाउने सम्पूर्ण सेवा स्थानीय तहबाटै उपलब्ध हुने व्यवस्था संविधानमा उल्लेख रहँदा पनि सो अनुसार हुन सकिरहेको छैन्। अधिकांश जनप्रतिनिधिहरुले पक्षपात गरेर ती सुविधाहरु सहज ढंगले जनताले पाउनु सकिरहेका छैनन्। उनीहरुले आफ्नो पार्टी तथा पक्षधरका मान्छे भन्दै ती सेवा दिन आलटाल गर्नेगरेका छन्।

अहिले अधिकांश जनप्रतिनिधिले जनताले पाउने सेवा भन्दा पनि आर्थिक लाभ पाउन सकिने कार्यहरुलाई पहिलो प्राथमिकतामा राख्ने गरेका छन्। तसर्थ शिक्षा र स्वास्थ्यमा सकारात्मक परिणामका लागि अनुगमन र निगरानी बढाउनु जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु परिवर्तन र अव्यवस्थित दोहन, पानी संकटको कारक बन्दै

**रमेश लम्साल**
काठमाडौं, १० चैत (रासस)।

नेपालमा रहेका नदीनालामा वार्षिक रूपमा दुई सय २५ अर्ब घनमिटर पानी उपलब्ध हुने गरेको भए पनि त्यसको बहुउपयोग हुन नसक्दा त्यत्तिकै खेर जाने गरेको छ। सरकारले गरेको एक अध्ययनअनुसार सरदर १२ अर्ब घनमिटर पानी भूमिगत जलस्रोतको रूपमा पुनःभरण हुने गरेको छ।

मुलुकभित्र उपलब्ध जलस्रोतको व्यवस्थापन र नियमनका लागि राष्ट्रिय जलस्रोत नीति, २०७७ र राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० कार्यान्वयनमा छ। देशको कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिनमध्ये २२ लाख ६५ हजार हेक्टर सिँचाइयोग्य रहेकामा हालसम्म झण्डै १५ लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। सिँचाइ सुविधा पुगेकामध्ये एकतिहाइमा मात्र वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ।

सरकारले केही ठूला राष्ट्रिय गौरवका आयोजनामार्फत पर्याप्त मात्रामा सिँचाइ सुविधा उपलब्ध गराउने योजनाका साथ प्रक्रिया अगाडि बढाएको छ। त्यसमध्ये दुईवटा त नदी पथान्तरणका योजना नै कार्यान्वयनका चरणमा छन्। भेरी बबई डाइभर्सन आयोजना र सुनकोशी मरिण डाइभर्सन आयोजनाले मुलुकको सिँचाइ प्रणालीको विकासका महत्त्वपूर्ण योगदान गर्ने छ। यस्तै, बबई, रानीजमरा कुलरिया, सिक्टाजस्ता सिँचाइका आयोजनाले कृषि उपज उत्पादनमा रणनीतिक परिवर्तन ल्याउने विश्वास लिइएको छ।

नेपालमा व्यवस्थित खानेपानी प्रणालीको १९५१ सालमा वीरधाराबाट सुरु भएको हो। हालसम्म झण्डै ९५ प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुगेको छ। यो आफैँमा महत्त्वपूर्ण उपलब्धि हो। नेपाल अपार जलस्रोतको भण्डार तथा ठूलो सम्भावना भएको मुलुक भए पनि जलस्रोतको वैज्ञानिक एवं व्यवस्थित उपयोग तथा व्यवस्थापन हुनसकेको छैन। सोही कारणले गर्दा अपेक्षित लाभ हासिल हुनसकेको छैन।

बढ्दो जनसङ्ख्या, अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तन, बदलिँदो जीवनशैलीका कारण दिनप्रतिदिन पानी सङ्कट गहिरिँदै गएको छ। हिमक्षेत्रको सङ्कुचन, हिमतालको विष्फोटन, अतिवृष्टि र अनावृष्टिजस्ता कारणले वातावरणीय सन्तुलन एवं व्यक्तिको जीवनयापन थप कष्टकर बन्दै गएको छ। नदीनाला र तालतलैयामा उपलब्ध हुने पानीको परिमाण र गुणस्तरमा ह्रास आएको छ। भूमिगत जलस्रोतको अत्यधिक दोहनका कारण जलसतह घट्दै गएको छभने गुणस्तरमा पनि समस्या देखिएको छ।

यसै सन्दर्भमा शनिबार विभिन्न कार्यक्रमको आयोजना गरी विश्व पानी दिवस मनाइयो। जलवायु परिवर्तनका कारण हिमरेखा माथितिर सर्दै गएको, बढ्दो तापक्रमको प्रभाव स्वरुप हिमनदीको अस्तित्व नै सङ्कटमा पर्दै गएको अवस्थालाई ख्याल गरेर यसपटक विश्व पानी दिवसको नारा नै 'हिमनदीको संरक्षण' राखिएको छ। सरकार र यस क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्था एवं सरोकारवालाको आयोजनामा साताव्यापी नै पानी दिवस मनाउने गरिएको छ।

सन् १९९३ यता हरेक वर्ष २२ मार्चमा मनाइने यो दिवस सुरक्षित तथा स्वच्छ पानीको महत्वमा केन्द्रित संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी पहल हो। सुरक्षित र स्वच्छ पानी व्यवस्थापनका लागि आवश्यक रणनीतिसहितको कदम चाल्न र यसबारे जनचेतना अभिवृद्धि गर्न यो दिवसले सहयोग गर्दै आएको छ। संसारभर कुल ९७ दशमलव पाँच प्रतिशत पानी समुद्रको छ। त्यो पानी नुनिलो भएकाले पिउन, सिँचाइ र विद्युत् उत्पादनका लागि समेत प्रयोग गर्न मिल्दैन र सकिँदैन। पानीको उचित सदुपयोग हुन नसक्दा संसारभर नै समस्या बढ्दै गएको छ। अन्तरराष्ट्रिय पानी व्यवस्थापन संस्थाका अनुसार प्रत्येक वर्ष एक जनाका लागि नौ हजार घनमिटर पानीको आवश्यकता पर्छ।

संसारभर उपलब्ध भएको पानीमध्ये दुई दशमलव पाँच प्रतिशतमात्र पिउनयोग्य पानीको रूपमा उपलब्ध छ। मूल, खोला, नदी, हिमनदीबाट उपलब्ध हुने पानी नै मानवीय प्रयोगका लागि उपयुक्त रहेको छ। पृथ्वीको उत्तरी तथा दक्षिणी ध्रुवमा उपलब्ध हुने पानी नै मानवीय उपभोगका लागि योग्य मानिएको छ। नेपालको हकमा प्रतिव्यक्ति कुल जलस्रोत उपभोग क्षमता तीन हजार छ सय घनमिटर पर्न आउँछ तर हाम्रो देशमा हालसम्मको उपभोग दर भने प्रतिव्यक्ति तीन सय ९३ दशमलव पाँच घनमिटर मात्र छ।

औद्योगिक राष्ट्रको कहालीलाग्दो औद्योगीकीकरण, जलवायु परिवर्तन र तापमान वृद्धिका कारण पानीको परम्परागत मूल सुक्दै गएका छन्। पछिल्ला वर्षमा हिमनदी सुक्दै गएका छन् भने विश्वका करिब एक अर्ब मानिस पानी सङ्कटको चपेटामा परेका छन्। जलवायु परिवर्तले संसारभर पारेको प्रभाव हरितगृह ग्यास उत्सर्जन, हिमनदी र हिमताल फुट्ने खतरा बढेको सन्दर्भलाई मनन गर्दै अगाडि बढ्नु जरुरी भइसकेको छ।

नदीमा मानवीय अतिक्रमण बढेको, अनियमित तवरले भूमिगत पानी निकालिएको, पानीको रिचार्ज गर्नेतर्फ ध्यान दिन सकिएको छैन। वर्षात्को पानी पनि खेर गइरहेको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार ४० देखि ६० प्रतिशत पानी चुहावट र दुरुपयोग हुने गरेको छ। विश्वभर रहेका सात अर्ब बढी व्यक्तिलाई औसतमा २५ लिटरका दरले मात्र पानी उपलब्ध गराउने होभने एक खर्ब ७५ अर्ब लिटर पानी आपूर्ति गर्नुपर्ने हुन्छ।

द्रुतगतिमा बढ्दो सहरी जनसङ्ख्या, कारखाना र जलवायु परिवर्तनको अनिश्चितता, सहरी जल प्रणालीमा द्वन्द्व र प्राकृतिक प्रकोपमा अन्तरराष्ट्रिय जगत्को ध्यान खिच्न पानी दिवस सफल भए पनि प्रभावकारी कार्यान्वयनका लागि भने कुनै पनि उपलब्धि हासिल हुन नसकेको गुनासो छ। यस दिवसका अवसरमा एक सन्देश दिनुहुँदै राष्ट्रपति रामचन्द्र पौडेलले भविष्यमा उत्पन्न हुनसक्ने जलसङ्कटको चुनौतीलाई दृष्टिगत गर्दै भूमिगत जलस्रोतको पुनःभरणका लागि जलाधार क्षेत्रको संरक्षण हुनुपर्नेमा जोड दिनुभयो। उहाँले ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण एवं सहरी क्षेत्रमा वर्षात्को पानी पुनःभरणको विकल्पसहितका पूर्वाधार निर्माण गर्न सम्बद्ध सबैले अग्रसरता लिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

पानी र प्रकृतिसँग प्राणी जगत्को अस्तित्व गाँसिएको, जीवको उत्पत्ति नै पानीभित्र भएको र प्राचीन मानव सभ्यताहरू नदीकिनारमा विकास भए पनि वर्तमानमा आइपुग्दा जीवनको अस्तित्व जोगाउन प्रकृति र पानीको संरक्षण चुनौतीपूर्ण बनेकामा राष्ट्रपति पौडेलले चिन्ता व्यक्त गर्नुभएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पानीको स्रोतको उचित उपयोगमा जोड दिनुभयो। उहाँका अनुसार, सरकारले पानीको संरक्षणसँगै पानीबाट सिर्जित चुनौतीको व्यवस्थापनलाई सँगसँगै अगाडि बढाइरहेको र नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहलाई जलस्रोतको समुचित प्रयोग र संरक्षणको जिम्मेवारी दिएको छ।

राष्ट्रिय जलस्रोत नीति-२०७७ ले मुलुकको आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि अधिकतम उपयोगमा जोड दिएको र हिमालय पर्वत शृङ्खलाबाट उत्पन्न नदी तथा हिमनदीले देशको ऊर्जा, कृषि, पर्यटन र जैविक विविधताको आधार निर्माण गरेको मन्त्री खड्काको भनाइ छ। खानेपानीमन्त्री प्रदीप यादवले जलवायु परिवर्तनका कारण हिमनदीका साथै मौसममा प्रतिकूल असर परेको छ। खानेपानी, कृषि, जलविद्युत्लगायत क्षेत्र पनि प्रभावित भइरहेकाले सबै मिलेर हिमनदीको संरक्षण गर्न जरुरी रहेको उहाँको धारणा छद्द।

जलवायु परिवर्तका कारण हिमनदीमा परेको असरले मुलुकमा खानेपानी, कृषि, जलविद्युतलगायत क्षेत्र प्रभावित भइरहेकाले हिमनदीको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व भएको उहाँको भनाइ छ। मन्त्री यादवले भन्नुभयो, "पानी जीवनको आधार हो। पानीबिना कुनै पनि जीवित प्राणीको अस्तित्व सम्भव छैन। यसर्थ हिमनदीको संरक्षण गर्न जरुरी छ। यसमा तीनै तहका सरकार, सरोकार भएका निकाय, आमनागरिक सबैको सहयोग आवश्यक पर्छ।"

मन्त्री यादवका अनुसार स्वच्छ खानेपानी, सरसफाइ र वातावरण स्वच्छताको सुनिश्चितता भनेको नागरिकको मौलिक हक मात्र नभई सामाजिक न्याय, सार्वजनिक स्वास्थ्य, आर्थिक समृद्धि र वातावरणीय सन्तुलनको मुख्य आधार पनि हो। सरकारले 'एक घर, एक धारा' र 'नेपालको पानी, जनताको लगानी'जस्ता नीति अगाडि सारेको छ।

**कानुनी आधार तय हुँदै**

खानेपानीको पहुँच विस्तारका आवा गुणस्तरमा पनि उत्तिकै ध्यान दिनु जरुरी छ। सरकारले राष्ट्रिय जलस्रोत नीतिमा आधारित भएर नै 'जलस्रोत विधेयक' समेत सङ्घीय संसद्मा प्रस्तुत गरिसकेको अवस्था छ। सो विधेयक हाल विचाराधीन छ।

सो विधेयकले जलस्रोतसँग सम्बन्धित आयोजना परियोजनालाई एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तबमोजिम विकास तथा व्यवस्थापन गर्न नदी बेसिन योजना बनाउने लक्ष्य राखेको छ। यस्तै, क्षेत्रगत गुरुयोजना एवं अन्तरजलाधार जल स्थानान्तरणसम्बन्धी योजनाको निर्माण गरी सोको कार्यान्वयनका लागि आवश्यकतानुसार नदी बेसिन तथा सब बेसिन कार्यालय स्थापना गर्ने व्यवस्था गरिएको छ।

त्यसका साथै नेपालमा उपलब्ध जलस्रोतको उपलब्धता तथा उपयोगको हिसाबकिताब राखको लागि विद्युतीय सूचना केन्द्रमार्फत तथ्याङ्कलाई वैज्ञानिक रूपमा व्यवस्थित गर्ने प्रयास गरिएको छ। सो विधेयकले नेपालको संविधानको धारा ५१ को खण्ड (च) मा उल्लिखित विकाससम्बन्धी नीति र खण्ड (छ) मा उल्लिखित प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिको कार्यान्वयनका लागि कानुनी तथा संस्थागत व्यवस्था गर्ने उद्देश्य राखेको छ।

सङ्घीय इकाइबीच जलस्रोत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार, दायित्व तथा जिम्मेवारी बाँडफाँट गर्ने कानुनी व्यवस्था गर्ने, सतह तथा भूमिगत जलस्रोतको उपयोगिता, विकास तथा संरक्षण गर्ने विधेयकको अर्को उद्देश्य छ।

एकीकृत जलस्रोत विकासको सिद्धान्तलाई कार्यान्वयन गर्ने वातावरणा निर्माण गर्न, जलस्रोतको संरक्षण, गुणस्तर नियन्त्रण तथा प्रदुषण नियमनलाई प्रभावकारी बनाउन, जलस्रोतसम्बन्धी सूचना तथा तथ्याङ्कलाई आधुनिक, व्यवस्थित तथा वैज्ञानिक बनाउन, जलस्रोतको बहुउदेश्यीय उपयोगलाई दिगो, प्रभावकारी र व्यवस्थित बनाउने विधेयकको ध्येय छ।

सो विधेयकले भूमिगत जलस्रोतको अत्यधिक दोहन रोक्ने, प्रदूषित हुनबाट जोगाउने र अधिकतम उपयोग गर्ने लक्ष्य राखेको छ। यस आधारमा पानी संरक्षण र उपयोगका सन्दर्भमा सरकारले कानुनी एवं संरचनागत सुधारको प्रयास थालेको स्पष्ट हुन जान्छ। पानी संरक्षण, बहुउपयोग र स्वच्छताका लागि नागरिकस्तरबाट पनि आवश्यक पहल र सचेतना जरुरी भइसकेको छ।

# बिमा संस्थाको आन्तरिक नियमन र सुशासन बलियो बनाउन आवश्यक छ’

काठमाडौं, १० चैत (रासस)।

नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बिमा क्षेत्रमा हस्तक्षेपकारी नियमनभन्दा पनि संस्थाको आन्तरिक नियमन र सुशासन बलियो बनाउन आवश्यक रहेको बताउनुभएको छ।

इकोनोमिक मिडिया एसोसिएसन नेपाल (इमान)ले आयोजना गरेको प्राधिकरणका नवनियुक्त अध्यक्ष ओझाको सम्मान तथा ‘अबको बिमा क्षेत्र’ विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले बिमा क्षेत्रको योगदान विश्लेषण गर्नुका साथै सरोकार भएकाहरूबाट प्राप्त सुझावका आधारमा समस्या समाधान गर्न नियामकीय कदम चालिने बताउनुभयो।

“बिमा क्षेत्रमा ‘अन्डरराइटिङ’ का विषयमा देखिएका समस्या समाधानमा नियामकको हस्तक्षेपकारी भूमिकाबाट मात्रै हुने नभई बिमा कम्पनीले आफ्नो आन्तरिक सुशासन र स्वनियमन पनि कायम राख्नुपर्छ। यस क्षेत्रले राष्ट्र निर्माणमा पु¥याउनसक्ने योगदानलाई केन्द्रमा राखेर हामीले आवश्यक नियामकीय हस्तक्षेप गर्छौं”, अध्यक्ष ओझाले भन्नुभयो। विगतमा भएका असल अभ्यासको निरन्तरता र सुधारका प्रयासलाई थप व्यवस्थित एवं परिस्कृत बनाउँदै लगिने उहाँले प्रतिबद्धता जनाउनुभयो।

बिमा क्षेत्रको सुधारका लागि बीमक संस्थाहरू, मध्यस्थकर्ता, सर्भेयर सङ्घलगायत सरोकार भएका निकायसँग निरन्तर छलफल र सुझाव लिने काम भइरहेको उहाँले जानकारी दिनुभयो। बिमा संस्थाको वित्तीय अवस्था बलियो बनाउन सबै क्षेत्रबाट पहल हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्राधिकरणबाट विगतमा जारी भएका निर्देशनहरूलाई एकीकृतस्वरुपमा ल्याउन लागिएको ओझाले उल्लेख गर्नुभयो। “कार्यान्वयन गर्न सहज र व्यवस्थित होस् भनेर छरिर रहेका निर्देशनहरूलाई एकीकृत निर्देशिकाका रूपमा ल्याउन लागेका छौं। केही नियमावलीमा परेका विषयहरू पनि निर्देशिका छन्”, उहाँले भन्नुभयो, “आन्तरिक समिति बनाएर एकीकृत निर्देशिका तयार पार्ने काम सुरु भइसकेको छ। एक–दुई महिनाभित्रै यो काम सकिन्छ।”

बिमाविज्ञ डा रवीन्द्र घिमिरेले यस क्षेत्रमा दक्ष जनशक्ति तयार पार्ने पार्दै सूचना प्रविधिको अधिकतम प्रयोग गर्न आवश्यक रहेको धारणा राख्नुभयो। बिमा क्षेत्रमा कर्मचारीको सानो गल्तीका कारण ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था आउने भएकाले दक्ष जनशक्ति उत्पादनका लागि विभिन्न शैक्षिक संस्था, तालिम केन्द्र तथा अनुसन्धान केन्द्रसँग सहकार्य गरी अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

बिमा कम्पनीले अस्वस्थ प्रतिस्पर्धा गरेर आफ्नो हैसियतभन्दा बढीको बिमा गर्दा समस्या भएको पनि घिमिरेको भनाइ छ। यस क्षेत्रमा सम्पत्ति शुद्धीकरणका विषयलाई पनि गम्भीरतापूर्वक हेरिनुपर्ने उहाँले उल्लेख गर्नुभयो।


शम्भुनाथ नगरपालिका

फोन नं. ०३१-४१०१११

नगर कार्यपालिकाको कार्यालय

कठौना, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२ चलानी नं.

**सूचना ! सूचना !! सूचना !!!**

**आ.व. २०८१/०८२ को शम्भुनाथ मेला ठेक्का सम्वन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/११ गते**

यस शम्भुनाथनगरपालिका वडा नं.-३ मा रहेको शम्भुनाथ बाबा मन्दिर २०८२ साल बैशाख १ गते देखि ऐ. मसान्त सम्म साविक सनातन देखि प्रत्येक बर्षहरु झै यस पटक पनि एक महिने शम्भुनाथ मेला लाग्ने भएकोले उक्त मेलाको ठेक्का बन्दोबस्ती गर्नु पर्ने भनि शम्भुनाथ नगरपालिकाको राजश्व परामर्श समितिको निर्णय अनुसार उक्त मेला ठेक्का मार्फत बन्दोबस्ती गर्नको लागि गोप्य शिलबन्दी ठेक्कामा भाग लिन इच्छुक फर्म/संघ/संस्था वा सबै व्यक्तीहरुको जानकारीको लागि १५ दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. गोप्य शिलबन्दी ठेक्का फाराम बिक्रि हुने मितिः २०८१/१२/११ गते देखि २०८१/१२/२५ गते कार्यालय समय सम्म।
२. गोप्य शिलबन्दी ठेक्का फाराम बुझाउने अन्तिम मितिः २०८१/१२/२६ गते दिउँसो १२:०० बजे सम्म।
३. गोप्य शिलबन्दी ठेक्का फाराम खोल्ने मितिः २०८१/१२/२६ गते दिउँसो २:०० बजे।
४. गोप्य शिलबन्दी ठेक्का फाराम बिक्रि हुने बुझाउनेः शम्भुनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखा कठौना, सप्तरी।

**नियम तथा शर्तहरु:**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ।
२. फारम खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन।
३. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ।
४. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको १०% ले हुन आउने धरौटी वापतको रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००००८ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि शिलवन्दी फाराम सँगै पेश गर्नुपर्नेछ।
५. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१०० ३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ।
६. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि मेला सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन।
७. कर संकलन नगदी रसिद अनिवार्य लागु गर्नु पर्नेछ र कर संकलन नगदी रसिद ठेकेदार स्वयमले नै छपाउनु पर्नेछ। कर बापत मेलाबाट जिन्सी सामान उठाउन पाइनेछैन।
८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।
९. यस नगरपालिकामा बुझाउनु पर्ने पेश्की, बेरुजु, बाँकी बक्यौता बुझाउन बाँकी रहेको व्यक्ति वा फर्मले यो ठेक्कामा भाग लिन पाउने छैन।
१०. ठेक्का बन्दोबस्ती भई सकेपछि कुनै किसिमको दैबि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनेछ र ठेक्का कबोल गरेको रकममा कुनै क्षतिपुर्ती वा मिनाही गरने छैन।
११. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईनि छैन।
१२. पुर्व-पश्चिम राजमार्गको शम्भुनाथ मन्दिर प्रवेशद्वार, शम्भुनाथ मन्दिर परिसर भित्र, बाहिर लगायत सार्वजनिक बाटो, नालामा कुनै किसिमको पसल, टहरा, घर इत्यादी व्यापारको लागि राख्न नपाईने।
१३. मेलामा प्रयोग हुने पानी, ट्युवेल, चर्पी व्यवस्थापन तथा सरसफाईको व्यवस्थापन ठेकेदार स्वयमले गर्नु पर्नेछ।
१४. मेला सकिसके पछि १० दिन भित्र मेला सरसफाई तथा पसल, घर टहरा हटाएमा मात्र धरौटी बापत राखिएको १०% रकम फिर्ता गरिनेछ। सो अवधी भित्र उक्त कार्य नगरे धरौटी रकम जफत हुनेछ।
१५. शम्भुनाथ मन्दिर परिसरको २०० मिटर भित्रको क्षेत्रमा माछा, मासु तथा रक्सी बेच्न बन्द गराउनु पर्ने जिम्मा ठेकेदारले लिनु पर्ने।
१६. मेलामा गैर कानुनी खेल, तामासा तथा अबैध क्रियाकलाप संचालन गर्न गराउन पाइने छैन, गरे/गराएमा सो को सम्पुर्ण जिम्मेवारी ठेकेदार स्वयम हुनेछ।
१७. मन्दिर परिसर भित्रको आम्दानी/भेटी (नगदी जिन्सी) नगरपालिकाको संरक्षणमा रहनेछ।
१८. न्युन्तम कबोल अंकः ४,०२,६००/- (अक्षरेपी रुपैया चार लाख दुई हजार छ सय मात्र) कायम गरिएको छ।
१९. मेला ठेक्का सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम नगरपालिकाको निर्णय बमोजिम हुनेछ।
२०. मेला व्यवस्थापन तथा अनुगमन समितिको प्रत्यक्ष निर्देशनमा ठेकेदारले मेला व्यवस्थापन गर्नु पर्नेछ।
२१. सवारी पार्किङ्गको व्यवस्था ठेकेदार स्वयंले गर्नु पर्नेछ।

.....................

शम्भुनाथ नगरपालिका


## विश्व समाचार

### ह्वाट्सएपमा नयाँ फिचर : एन्ड्रोइड प्रयोगकर्ताले ‘मोशन फोटो’ शेयर गर्न पाउने

वाशिङटन, १० चैत (रासस/क्युएनए)।

इन्स्ट्यान्ट मेसेजिङ एप ‘ह्वाट्सएप’ले चाँडै नै एन्ड्रोइड प्रयोगकर्तालाई व्यक्तिगत च्याट, समूह र च्यानलमा ‘मोशन फोटो’ साझेदारी गर्न अनुमति दिने नयाँ सुविधा विकास गर्दैछ। मोशन फोटो भनेको एउटा छवि हो, जसमा केही सेकेन्डको भिडियो फोटोसँगै खिचिन्छ। साथै, मोशन फोटो एक मिडिया ढाँचा हो, जसले स्थिर तस्विर खिच्नु अघि र पछि दुवै गतिको छोटो क्षण कैद गर्दछ। परम्परागत तस्विर भन्दा फरक, मोशन फोटोहरूमा केही सेकेन्डको भिडियो र अडियो समावेश हुन्छ।

‘वाबबीटाइन्फो’ का अनुसार मोशन फोटोहरूको लागि एपको मिडिया-साझेदारी क्षमताहरू विस्तार गर्ने लक्ष्य ह्वाट्सएपले राखेको छ। ह्वाट्सएपमा फोटो र भिडियो ग्यालरी खोल्दा मोशन फोटोहरूको लागि समर्पित नयाँ बटन देखा पर्नेछ, जसले प्रयोगकर्ताहरूलाई छविको स्थिर वा गति संस्करण पठाउने विकल्प प्रदान गर्दछ।

यो सुविधा विशेष गरी केही मोबाइल उपकरणमा लोकप्रिय छ, किनकि यसले स्थिर तस्विरहरूमा गतिको स्पर्श थपेर स्थिर तस्विर र भिडियोहरू बीचको खाडललाई कम गर्छ। मोशन फोटो सुविधा सामसुङ ग्यालेक्सीजस्तै सामान्यतया विभिन्न स्मार्टफोनहरूमा उपलब्ध छ। यो सुविधा हाल आईफोनका लागि आइओएसमा उपलब्ध भएपनि एन्ड्रोइडका लागि ह्वाट्सएपमा मोशन फोटो-सेयरिङ सुविधा अझै विकासको क्रममा छ।

### अमेरिकामा गोली चल्दा तीन जनाको मृत्यु, १५ घाइते

लस क्रुसेस, अमेरिका, १० चैत (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाको एक राज्य न्यु मेक्सिकोमा राति गोली चल्दा तीन जनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन्। लास क्रुसेस प्रहरीको फेसबुक पोस्ट अनुसार, स्थानीय समय अनुसार राति १० बजेतिर भएको सशस्त्र आक्रमणमा दुई १९ वर्षीय र एक १६ वर्षीय किशोरको मृत्यु भएको छ। पीडितहरूको पहिचान अज्ञात छ।

प्रहरीका अनुसार घाइते व्यक्तिहरू १६ देखि ३६ वर्ष उमेरका छन्। आक्रमणको सम्बन्धमा अहिलेसम्म कसैलाई पनि पक्राउ गरिएको छैन, तर प्रहरीले सक्रिय रूपमा धेरै सुरागहरू खोजिरहेको छ।“लस क्रुसेसका प्रहरी प्रमुख जेरेमी स्टोरीले एक पत्रकार सम्मेलनमा यङ्ग पार्कमा एउटा ‘अवैध कार शो’ मा दुई समूहबीचको झगडा गोलीबारीमा परिणत भएको बताउनुभयो।

घटनास्थलबाट प्रहरीले पेस्तोल बरामद गरेको उहाँले बताउनुभयो। घटनाले फेसबुक पोस्टमा घाइतेको सङ्ख्या १४ बाट १५ पुग्यो। लस क्रुसेस फायर चीफ माइकल डेनियलले एक पत्रकार सम्मेलनमा सात घाइतेहरूलाई स्थानीय अस्पतालबाट थप उपचारको लागि एल पासो लगिएको बताउनुभयो। चार जना बिरामी उपचार गरेर डिस्चार्ज भइसकेका छन्। अन्य चार जनाको अवस्था भने अज्ञात रहेको उहाँले उल्लेख गर्नुभयो।

“यो हाम्रो समुदायको लागि दुखद दिन हो। म समुदायलाई एकसाथ भेला हुन, बलियो र एकताबद्ध भएर उभिन र हाम्रो शहरमा भएको यो दुखद घटनाको सामना गर्न आग्रह गर्न चाहन्छु।” शनिबारको इन्स्टाग्राम पोस्टमा लस क्रुसेस सिटी काउन्सिलर र मेयर प्रो टेम जोहाना बेन्कोमोले गोलीकाण्डलाई ‘हिंसाको एक जघन्य कार्य जसले हाम्रो शहरलाई शोकमा डुबाउनेछ’ भनेर वर्णन गर्नुभयो।

“पीडित र प्रभावित परिवारहरूका लागि मेरो हृदय टुटेको छ,” उहाँले उल्लेख गर्नुभयो। लस क्रुसेस अमेरिका-मेक्सिको सीमाबाट लगभग ४१ माइल उत्तरमा चिहुआहुआन मरुभूमिको किनारमा अवस्थित छ।

### किएभमा रूसी आक्रमणमा कम्तिमा तीन जनाको मृत्यु, १० घाइते

किएभ, युक्रेन, १० चैत (रासस/एएफपी)।

युक्रेनको राजधानीमा रातभर रुसी ड्रोन आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै १० जना घाइते भएको किएभका अधिकारीहरूले आइतबार जानकारी दिएका छन्। “उपलब्ध जानकारी अनुसार, पाँच वर्षको बच्चासहित तीन जनाको मृत्यु भयो। अन्य १० जना घाइते भए,” किएभ शहरको सैन्य प्रशासनले सामाजिक सञ्जाल टेलिग्राममा उल्लेख गरेको छ। घाइतेहरूमध्ये, सबैभन्दा कान्छो पीडित केवल ११ महिनाको थियो।”

सामाजिक सञ्जालमा प्रसारित फुटेजका अनुसार, ड्रोनले किएभका धेरै जिल्लाहरूलाई लक्षित गरी व्यापक आक्रमण गरेको थियो। रुसी र युक्रेनी प्रतिनिधिमण्डलले सोमबार साउदी अरेबियामा अमेरिकी प्रतिनिधिहरूसँग समानान्तर युद्धविराम वार्ता गर्ने कार्यक्रम छ।

# मारवाडी समुदायले मनाउँदै गणगोर महोत्सव



**दैनिक समाचारदाता राजविराज, १० चैत ।**
मारवाडी समुदायले मनाउँदै आएको गणगोर पर्व महोत्सवका रुपमा धुमधामका साथ मनाइदै छ । अग्रवाल परिवार राजविराज तथा मारवाडी महिलाहरुको संयुक्त आयोजनामा महोत्सव अन्तरगत विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

मारवाडी समुदायका महिला, बालबालिका र युवतीको उल्लेख्य सहभागितामा स्थानीय साह धर्मशालामा गण अर्थात भगवान शिव र गौर अर्थात देवी पार्वतीको चित्र र मुर्ती राखेर पुजापाठ र नाचगान कार्यक्रम गरिएको छ ।

विशेष गरि महोत्सव अन्तरगत विगत दश दिनदेखी जारि कार्यक्रममा मारवाडी समुदायका विवाहित र अविवाहित महिलाहरुको उत्साहजनक सहभागिता रहने गरेको छ ।

सो अवसरमा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, अग्रवाल समाजका अध्यक्ष घनश्याम अग्रवाल बजाज, समाजका निवर्तमान अध्यक्ष मनोज अग्रवाल, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी, समाजसेवी अजय रुंगटा, मिना अग्रवाल, मिनाक्षि अग्रवाल, शुसिला अग्रवाल लगायतले शुभकामना दिएका थिए । महोत्सव चैत १७ गतेसम्म चल्ने आयोजक अग्रवाल समाजले जनाएको छ ।

# वीरगञ्ज सुक्खा बन्दरगाहबाट ३२ अर्ब ३२ करोड राजस्व सङ्कलन

पर्सा, १० चैत (रासस) ।
वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा रु ३२ अर्ब ३२ करोड ८८ लाख ७८ हजार राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालका अनुसार चालु आवको पछिल्ला दुई महिनामा मासिक लक्ष्यको ९२ प्रतिशतसम्म राजस्व सङ्कलन भएको छ ।

कार्यालयले गत साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड राजस्व सङ्कलन गरेको थियो । असोजमा रु चार अर्ब ३६ करोड, कात्तिकमा रु तीन अर्ब ७९ करोड राजस्व सङ्कलन गरेको थियो ।

यसैगरी, गत मङ्सिरमा रु तीन अर्ब २२ करोड, पुसमा रु तीन अर्ब ५६ करोड, माघमा रु चार अर्ब २९ करोड र फागुनमा रु चार अर्ब ६८ करोड राजस्व सङ्कलन गरेको हो । चालु आवको आठ महिनामध्ये सबैभन्दा धेरै राजस्व फागुनमा नै सङ्कलन भएको छ ।

# नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन : सभापति देउवा

ललितपुर, १० चैत (रासस) ।
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा राजतन्त्र फर्किने सम्भावना नरहेको बताउनुभएको छ ।

कांग्रेस बागमती प्रदेश समितिको प्रशिक्षण विभागद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा केही दिनयता राजावादी पक्षधरहरूको गतिविधिप्रति इङ्गीत गर्दै सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्र शाह संवैधानिक राजा हुन नसक्ने धारणा व्यक्त गर्नुभयो ।

कांग्रेस प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुका लागि आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटनका अवसरमा उहाँले भन्नुभयो, "नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन, ज्ञानेन्द्र संवैधानिक राजा बन्न लायक व्यक्ति पनि होइनन्, बरु राष्ट्रिय प्रजातन्त्र पार्टीले ज्ञानेन्द्रलाई पार्टी सभापति बनाए हुन्छ ।"

सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्रलाई राजनीति नै गर्नेभए पार्टी खोल्न सुझाव दिनुभयो । "राजनीति गर्न भए पार्टी खोल्दा भइहाल्यो नि ! तर त्यो पार्टीमा जानेहरूले धेरै नै दुःख पाउँछन्", सभापतिले भन्नुभयो । उहाँले गणतन्त्रका पक्षमा एकजुट भएर लाग्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो ।

कांग्रेस बागमती प्रदेश उपसभापति एवं प्रदेश प्रशिक्षण विभाग प्रमुख चन्द्र महर्जनको सभापतित्वमा भएको प्रशिक्षण कार्यक्रममा प्रवक्ता डा प्रकाशशरण महत, प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका निर्देशक डा कृष्णप्रसाद पौडेल, बागमती प्रदेशका कोषाध्यक्ष डा भद्रा पराजुली भण्डारी, केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण विभागका कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठलगायतको उपस्थिति थियो ।

# एकीकृत समाजवादीले गणतन्त्र पक्षधरलाई सघाउने

काठमाडौँ, १० चैत (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा हुने सबै प्रकारका कार्यक्रमलाई सक्दो सहयोग गर्ने बताएको छ ।

पार्टीले मातहतका कमिटी तथा सबै जनवर्गीय सङ्गठनलाई गणतन्त्रविरुद्ध गतिविधि गर्नेलाई परास्त गर्न गणतन्त्रका पक्षमा हुने प्रदर्शन, आमसभा, विरोध तथा सङ्घर्षका कार्यक्रममा सक्रिय ढङ्गले सहभागी हुन निर्देशन दिएको छ ।

केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालका अनुसार समान राजनीतिक सिद्धान्त र दृष्टिकोण भएका वामपन्थी शक्तिबीच एकता तथा परिवर्तन पक्षधरसँग सहकार्य गरी गणतन्त्रको पक्षमा जनमत सृजना गर्न सम्पूर्ण कमिटीलाई परिपत्र गरिएको छ । समाजवादी मोर्चाले यही चैत १५ गते काठमाडौँमा आयोजना गर्ने विरोध प्रदर्शन तथा आमसभालाई सफल बनाउन पार्टीका सम्बद्ध सबैलाई अनुरोध गरेको छ ।

मुलुकमा सुशासन कायम गर्ने, रोजगारीका अवसर सृजना, आर्थिक समृद्धिका साथै सामाजिक रुपान्तरणलाई प्राथमिकता राखेर देशभर समाजवादी अभियान सुरु गरेको पार्टीले सङ्गन विस्तारलाई केन्द्रमा राखेर काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

# एक दर्जन नेपाली भारतमा सम्मानित



**दैनिक समाचारदाता राजविराज, १० चैत ।**
मानवअधिकार, महिला शसक्तिकरण, सामाजिक न्याय, संचार लगायतका क्षेत्रमा योगदान गरेवापत एक दर्जन नेपाली भारतमा सम्मानित भएका छन् ।

भारतको पश्चिम बंगाल राज्यको राजधानी कोलकत्तामा आइतबार ग्लोबल ह्युमन राइट्स प्रोटेक्शन फोरमले एक कार्यक्रमको आयोजना गरि १५ जना नेपालीलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा तराई मधेश महिला फाउण्डेशन नेपालकी अध्यक्ष सुनिता कुमारी साह क्रान्ति, पूर्व प्रदेश सांसद नेत्रविक्रम साह, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी, अधिकारकर्मी एवं संचारकर्मी बृजमोहन कुशवाहा, सामाजिक अभियन्ता अनवर अली छन् ।

त्यस्तै पारस प्रसाद जयशवाल, प्रमिला गिरी, सत्येन्द्र प्रसाद गुप्ता लगायत १५ जना ग्लोबल ह्युमन राइट्स अवार्ड २०२५ बाट सम्मानित भएका छन् ।

नेपाली टोलीको नेतृत्व तराई मधेश महिला फाउण्डेशन नेपालकी अध्यक्ष साहले गरेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि ह्युमन राइट्स प्रोटेक्शन फोरमका अध्यक्ष बिरमणि सिंह, पश्चिम बंगालका अध्यक्ष महानन्दा सरकार दत्त, डा. बिजयी कस्तुरी, डा. अजित दत्त, डा. प्रकाश रमभाव, डा. मुकुल चक्रवती लगायतले उक्त अवार्ड प्रदान गरेका थिए ।

उक्त फोरमले विगत दुई दशकदेखी मानवअधिकार, महिला सशक्तिकरण र सामाजिक न्याय लगायतका क्षेत्रमा काम गरेका व्यक्तित्वहरुको छनौट गरि सम्मान गर्दै आएको छ ।

# दलितको घर भत्काइएका बारेमा छानबिन गर्न संसदीय समिति गठनको माग

काठमाडौँ, १० चैत (रासस) ।
राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरूले सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञ गर्ने भन्दै सोही स्थानका दीपक मल्लिकको घर भत्काइएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गर्नुभएको छ ।

सांसद घनश्याम रिजालले जातीय विभेदजस्तो जघन्य अपराधको नेतृत्वकर्ता बजरङ्गी बाबासहित सो घटनामा संलग्न सबैलाई कारबाहीको माग गर्नुभयो । "दलित बसेको माटो अपवित्र हुन्छ भन्दै घरभित्र रहेको माटोसमेत खनेर फालिएको छ," उहाँले भन्नुभयो, "यसबाट झन्डै ६० लाख दलित समुदायलाई अपमानति गरिएको छ । यो संविधान र कानुन विपरीतको काम हो ।"

सांसद रिजालले निर्वाचित जनप्रतिनिधिले जातीय विभेदजस्तो जघन्य अपराध गर्नुले नेपाली समाजको चेतनाको धरातल उदाङ्गो पारिदिएको बताउनुभयो । सो घटनामा संलग्न गाउँपालिका अध्यक्ष शिवजी यादवलाई प्रहरीले नियन्त्रणमा लिए पनि पीडित परिवारले अझै असुरक्षित महसुस गरिरहेको जनाउँदै उहाँले सुरक्षाको प्रत्याभूति गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विष्णुदेवी पुडासैनी र विष्णुबहादुर विश्वकर्माले महायज्ञको नाममा दलितको घरमा डोजर लगाउनु आपाराधिक कार्य भएको बताउँदै सो घटनामा संलग्नलाई कारबाही गर्न माग गर्नुभयो । सांसद विश्वकर्माले पालिका अध्यक्षलाई तत्काल पदच्यूत गरेर कथित बजरङ्गी बाबालाई पक्राउ गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# सहकारीसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक स्वीकृत

काठमाडौँ, १० चैत (रासस) ।
राष्ट्रियसभाबाट सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ स्वीकृत भएको छ । राष्ट्रियसभाको आइतबारको बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रस्तुत गर्नुभएको उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतबाट स्वीकृत गरेको हो ।

उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै सहकारीमन्त्री अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्ने उद्देश्यका साथ विधेयक ल्याइएको स्पष्ट पार्नुभयो । "प्रस्तुत विधेयकले तत्कालका समस्या यथाशीघ्र समाधान गर्नेछ", उहाँले भन्नुभयो ।

मन्त्री अधिकारीले प्रतिपक्ष, आमजनता र सरोकारवालाको चाहना तथा भावना सम्बोधन हुने गरी सहकारी क्षेत्रका समस्या समाधान गर्नुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको बताउनुभयो ।

उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरु डा बेदुराम भुसाल, किरणबाबु पुन, गङ्गाकुमारी बेल्वासे, इन्दिरादेवी गौतम, तुलप्रसाद विश्वकर्मा, युवराज शर्मा, उदयबहादुर बोहरा, मनरुपा शर्मा, तुलसाकुमारी दाहाल, जयन्तीदेवी राई, श्रीकृष्णप्रसाद अधिकारी, रुक्मिणी कोइराला, रेणु चन्द, राजेन्द्रलक्ष्मी गैरे र गोपीबहादुर सार्की अछामीले भाग लिनुभएको थियो ।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सो विधेयकमाथि संशोधन राख्न चाहने सांसदले सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्नसक्ने व्होरा जानकारी गराउनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np